मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २१८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र ३ गते मंगलबार ❑ 19 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## स्थानीय तहसँग अनुभव आदानप्रदान गर्दै पोखरा महानगरपालिका

**पोखरापत्र संवाददाता**
पोखरा, २ भाद्र

पोखरा भ्रमण वर्ष २०२५ घोषणा गर्दै विभिन्न कार्यक्रमका साथ आफ्ना गतिविधि बढाइरहेको पोखरा महानगरपालिकाले भ्रमण वर्ष घोषणा गरेका विभिन्न स्थानीय तहसँग अनुभव आदानप्रदान गर्ने कार्यलाई अघि बढाएको छ।



भ्रमण वर्ष घोषणापश्चात् गरिएका प्रयाससँगै गरिएका असल अभ्यास एवम् पर्यटकीय साझेदारी अभिवृद्धि गर्ने उद्देश्यका साथ अनुभव आदानप्रदान गर्ने कार्य बढाइएको पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपिबहादुर भट्टराईले बताउनुभयो। अनुभव आदानप्रदानकै क्रममा भ्रमण वर्ष घोषणासहित अघि बढिरहेको गोरखा नगरपालिकामा सरोकारवाला पदाधिकारी एवम् प्रतिनिधिसँग अन्तरक्रिया गरिएको छ। गोरखा आफैँमा एउटा ऐतिहासिक स्थल भएको उल्लेख गर्दै संयोजक भट्टराईले पोखराबाट नजिक रहेको यस गन्तव्यसँग एकापसमा पर्यटकीय साझेदारी बढाउँदै अघि बढ्न सकिने बताउनुभयो। गोरखाले पनि भ्रमण वर्ष घोषणा गरी अघि बढिरहेको र पोखरा पनि भ्रमण वर्ष घोषणासहित विभिन्न गतिविधि बढाइरहेको उल्लेख गर्दै उहाँले एकापसमा गरिने समन्वय र सहकार्यबाट पनि यस्ता कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग पुग्ने धारणा राख्नुभयो। गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर राना मगरले गोरखा नेपालको एउटा महत्वपूर्ण ऐतिहासिक स्थान भएको र यहाँबाट नै विशाल नेपालको एकीकरण सुरुआत भएको बताउनुभयो।

भौगोलिक विविधतासँगै धेरै धार्मिक एवम् ऐतिहासिकस्थल गोरखामा रहेकाले आन्तरिक तथा बाह्य पर्यटकलाई यहाँ आउन प्रेरित गर्नका भ्रमण वर्ष घोषणा गरिएको बताउनुभयो। भ्रमण वर्ष घोषणासँगै विभिन्न कार्यक्रम तय गर्दै चरणबद्ध रूपमा आफूहरूअघि बढिरहेको उहाँले जानकारी दिनुभयो। छिमेकी मुलक भारतसँग पर्यटकीय सम्बन्ध बिस्तार गर्नका लागि गोरखादेखि गोखरपुरसम्म खिचडी पदयात्रा जस्ता कार्यक्रम अघि बढाउन खोजिएको प्रमुख मगरको भनाइ छ। महिला उद्यमी रामकली खड्काले गोरखा विभिन्न कच्चा सामग्री पाइने ठाउँ भएको उल्लेख गर्दै यसलाई पर्यटन एवम् उद्यमशीलतासँग जोड्नु आवश्यक भएको बताउनुभयो। चेम्बर अफ कमर्स गोरखाका अध्यक्ष रामशरण श्रेष्ठले पोखरा आफैँमा सुन्दर गन्तव्य भएकाले यहाँ बसपार्कलगायत पूर्वाधारलाई व्यवस्थित गर्नुपर्ने सुझाव दिनुभयो। गोरखा उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष कृष्णकुमार श्रेष्ठले गोरखाका पर्यटकीय उपयोगलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो। गोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष भवानी मास्केले पोखरा आफैँमा सुन्दर गन्तव्य भएको बताउँदै सुन्दरताको संरक्षणसँगै फेवातालको बढ्दो अतिक्रमण जोगाउनुपर्ने धारणा राख्नुभयो। नेपाल पत्रकार महसङ्घ गोरखाका पूर्वअध्यक्ष कैलाशबाबु श्रेष्ठले पोखराका पर्यटकीय गन्तव्यमा सार्वजनिक यातायातको सहज पहुँच हुनु जरुरी भएको बताउनुभयो। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले यस क्षेत्रको पर्यटकीय विकासका लागि स्थानीय तहबीच भाइचारा सम्बन्ध हुनु जरुरी भएको धारणा राख्नुभयो। पोखरा महानगरपालिकाका प्रवक्ता मोतिलाल तिमल्सिनाले भ्रमण वर्ष घोषणा गरिएका स्थानीय तहमा भइरहेका असल अभ्यासबारे जानकारी लिनका लागि यस किसिमका कार्यक्रमलाई महानगरले बढाएको बताउनुभयो। पोखरा स्थानीय सबै पालिकासँग सहकार्य गर्दै अघि बढ्न लागेको बताउँदै उहाँले सबैको सामूहिक प्रयासमा महत्वपूर्ण उपलब्धिहरू पनि हासिल हुने बताउनुभयो। भ्रमण वर्ष घोषणासँगै विभिन्न छुटका प्याकेज घोषणा गर्दै महानगर अघि बढिरहेको प्रवक्ता तिमल्सिनाले जानकारी दिनुभयो। पोखरामा अर्बौं रुपैयाँका पूर्वाधार निर्माणको क्रमसमेत बढिरहेको उहाँले बताउनुभयो। महानगरले हेलमेट डाँडाको पर्यटकीय उपयोगसँगै लेक टू लेक कनेक्टिभिटी, बेगानास तालमा वाटर स्पोर्ट, नयाँबजारमा कोसेली घर निर्माण जस्ता धेरै कामहरू अघि बढाउन खोजिएको प्रवक्ता तिमल्सिनाको भनाइ छ। पर्यटन व्यवसायी महिला सङ्घ (टेवान) का पूर्वअध्यक्ष कमला गिरीले गोरखा पर्यटकीय रूपमा धेरै सम्भावना बोकेको ठाउँ भएको उल्लेख गर्दै सोको पर्यटकीय उपयोग हुनु अपरिहार्य भएको बताउनुभयो।

## 'राजनीतिक अराजकता रोक्न ठूला दल एकै ठाउँमा'

**पोखरापत्र संवाददाता**
पोखरा, २ भाद्र

नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले देशमा राजनीतिक अराजकता र विकृति फैलिएका कारण ठूला दलहरू एक ठाउँमा उभिएका बताउनुभएको छ।

नेपाल लोकतान्त्रिक खेलकुद सङ्घ गण्डकी प्रदेश समितिको प्रथम प्रदेश अधिवेशनको आज पोखरामा उद्घाटन गर्दै उपसभापति गुरुङले राजनीतिक दलहरूमा अराजकता पैदा हुँदा राष्ट्रियता नै कमजोर हुने बताउनुभयो। राष्ट्रियता जोगाउन बिपी कोइरालाले जसरी मेलमिलापको नीति अगाडि सारेर नेपाल आउनुभयो त्यसरी नै वर्तमान अवस्थामा राष्ट्रियता कमजोर भएकाले देशलाई जोगाउन राजनीतिक दलहरू एकै ठाउँमा उभिन जरुरी रहेको बताउनुभयो। राष्ट्रियता, लोकतन्त्र र समाजवाद राष्ट्रिय एकताको मेरुदण्ड भएकाले सबै पार्टी समाजवादलाई माथि उकास्न लाग्नुपर्नेमा उपसभापति गुरुङले जोड दिनुभयो। नेपाली राजनीतिलाई सुधारेर जान सक्यौँ भने देशमा देखिएका यावत् विकृति र विसङ्गति अन्त्य भएर जाने उहाँको भनाइ थियो। खेलकुदलाई पर्यटनसँग जोडेर जान सकियो भने खेलाडीमार्फत विदेशमा समेत पर्यटन र खेलकुदसँगसँगै प्रर्वद्धन गर्न सकिनेमा जोड दिँदै खेलजगत् देशको एउटा मात्र अनुशासित पाटो भएको उहाँले बताउनुभयो।

"खेलाडीलाई उत्साहित र आर्थिक रूपमा सबल बनाउन सक्यौँ भने मात्र नेपाली खेलाडीले स्वदेश तथा विदेशमा आफ्नो खेल उत्कृष्ट रूपमा प्रस्तुत गर्न सक्छन्", उपसभापति गुरुङले भन्नुभयो। नेपाली कांग्रेसका नेता मोहन बस्नेतले नेपाली युवालाई खेलकुदका माध्यमबाट सशक्तीकरण गर्दै उनीहरूको आर्थिक समृद्धिमा ध्यान दिन जरुरी भएको बताउनुभयो। युवालाई खेल क्षेत्रप्रति आकर्षित गर्ने काम राज्य र खेल क्षेत्रका संस्थाबाट हुनुपर्नेमा उहाँको जोड थियो।

नेपाली कांग्रेस खेलकुद विभागका प्रमुख उमेशजङ्ग रायमाझीले खेलकुललाई महत्वका साथ अगाडि बढाउन राज्यको ध्यान जान आवश्यक भएको बताउनुभयो। नेपाली कांग्रेसका नेता गणेश वन, शुक्रराज शर्मा, किशोरदत्त बराल, देविन्द्र शेरचन, विष्णु क्षेत्री, नेपाल लोकतान्त्रिक खेलकुद सङ्घ गण्डकी प्रदेश समितिका अध्यक्ष विद्या मर्सानीलगायतले खेलकुद क्षेत्रको विकासमा जोड दिनुभयो। अभिवेशनले नयाँ नेतृत्व चयन गर्ने छ।

## प्रशासनिक पुनःसंरचनाले सेवा प्रभावित हुँदैनः मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २ भाद्र

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेश सरकारले गरेको प्रशासनिक पुनःसंरचनाले नागरिकलाई दिइने सेवा प्रभावित नहुने बताउनुभएको छ।

सोमबार गण्डकी प्रदेशसभाको विशेष समयमा बोल्दै उहाँले अहिले जिल्लाबाट सेवा दिइरहेका कुनै पनि कार्यालय खारेज नहुने तर केही कार्यालयले एकीकृत रूपमा सेवा दिने बताउनुभयो। "प्रशासनिक पुनःसंरचना गर्दा कुनै पनि सेवा कटौती हुँदैन", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "प्रशासनिक खर्च कटौती र मितव्ययिताका लागि सात निर्देशनालय र दुई केन्द्र खारेज गरिएको हो।" प्रशासनिक पुनःसंरचनाका लागि गठित अध्ययन कार्यदलले दिएको सुझाव अनुसार औचित्यका आधारमा केही कार्यालय र दरबन्दी कटौती गर्ने निर्णय गरिएको उहाँले बताउनुभयो। कार्यदलको प्रतिवेदनअनुसार पुनःसंरचनाका बाँकी काम अगाडि बढाइने उहाँको भनाइ छ। सोही अवसरमा मुख्यमन्त्री पाण्डेले गत साउन ६ देखि १२ सम्म आफूले गरेको तिब्बत भ्रमणमा कोरला नाका नियमित सञ्चालनका लागि चिनियाँ

बाँकी अन्तिम पृष्ठमा ▶▶

## च्याङ्ग्रा जोनमा ७८ पशु फार्म सूचीकृत

**रासस**
मुस्ताङ, २ भाद्र

राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, कार्यान्वयन एकाइ मुस्ताङअन्तर्गत सञ्चालित च्याङ्ग्रा जोन कार्यक्रममा हालसम्म ७८ वटा कृषि तथा पशु फार्म, समूह, सहकारी र निजी कम्पनी सूचीकृत भएका छन्। यहाँ आर्थिक वर्ष २०७८/०७९ देखि च्याङ्ग्रा जोन कार्यक्रम कार्यान्वयनमा छ।

जोनको लक्ष्य जिल्लाका च्याङ्ग्रा पालक किसानलाई बढीभन्दा बढी आबद्धता गराउने रहे पनि लक्ष्यअनुसार सूचीकृत हुन नसकेको कार्यालय प्रमुख भरत गौतमले बताउनुभयो। सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा च्याङ्ग्रापालक किसानलाई जोनमा आबद्ध गरिएको उहाँले बताउनुभयो। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ मुस्ताङका अनुसार यहाँको बारागुङ मुक्तिक्षेत्र, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाका १५ वटा वडाका च्याङ्ग्रापालक किसान च्याङ्ग्रा जोन कार्यक्रममा सूचीकृत भएका हुन्। यहाँको घरपझोङ र थासाङ गाउँपालिकाबाट कुनै पनि च्याङ्ग्रापालक व्यवसायीले जोनमा सूचीकृत हुन आवेदन पेस गरेनन्। मुस्ताङमा ५६ हजार च्याङ्ग्रा र पाँच हजार ५०० को हाराहारीमा च्याङ्ग्रापालन भइरहेको जिल्ला भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको तथ्याङ्कमा उल्लेख छ। तर, यहाँको सङ्घीय च्याङ्ग्रा जोन कार्यक्रममा ७८ वटा सूचीकृत फार्म, समूह, सहकारी र निजी कम्पनीका गरी १९ हजार ९९४ वटा मात्रै च्याङ्ग्रा पालन भइरहेको छ। च्याङ्ग्रा जोनमा पालन गरिएका च्याङ्ग्राको सङ्ख्यामध्ये १२ हजार बढी च्याङ्ग्राका माउ रहेको कार्यालयले जनाएको छ। जिल्लामा भएका च्याङ्ग्रापालनको कूल सङ्ख्यामध्ये जोनमा आबद्ध भएका किसानको च्याङ्ग्राको सङ्ख्या करिब ३३ प्रतिशत मात्रै हो। यहाँको च्याङ्ग्रा जोन सञ्चालन गरेको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ मुस्ताङले जोनमा सूचीकृत हुन नसकेका च्याङ्ग्रा पालकलाई संस्था दर्ता र स्थानीय तहको सिफारिसमा कार्यालयबाटै जुनसुकै बेला सूचीकृत गराउन सकिने कार्यालय प्रमुख गौतमको भनाइ छ।

मुस्ताङबाट बर्सेनि औसत १० देखि २० हजारको हाराहारीमा च्याङ्ग्रा बिक्रीका लागि जिल्ला बाहिर पठाइन्छ। च्याङ्ग्रा जोनमा आबद्ध किसानको च्याङ्ग्रा वार्षिक औसत पाँच हजारको सङ्ख्यामा जिल्लादेखि बाहिरिने गरेको छ। मुस्ताङका किसानले मुख्यगरी मासु उत्पादनका लागि च्याङ्ग्रापालन गर्ने गर्छन्। पछिल्लो समय च्याङ्ग्राको रौँबाट पश्मिना उत्पादनतर्फ पनि आकर्षित हुन थालेका छन्। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ मुस्ताङले च्याङ्ग्रा जोनमा सूचीकृत किसानलाई विभिन्न शीर्षकमा अनुदान सहुलियत दिने गरेको छ।

### औषधि प्रयोग गर्दा ध्यान दिऔं

- मान्यता प्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं,
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं,
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं,
- औषधि वालवच्चाको पहुँचबाट टाढा राखौ,
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डावरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## पहिरोमा पुरिएर दुई मजदुरको मृत्य

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ भाद्र

म्याग्दीको रघुगङ्गा गाउँपालिकामा निर्माणाधीन राहुघाट जलविद्युत् आयोजनाको अडिट नम्बर १ (मुख्य सुरुङमा छिर्ने पहुँचमार्ग) मा पहिरो जाँदा सोमबार दुई मजदुरको मृत्यु भएको छ। उक्त घटनामा परी पाँच जना घाइते भएका छन्।

रघुगङ्गा-५ दग्नामको फेदीमा

बाँकी अन्तिम पृष्ठमा ▶▶



# हाइकिङ ६१ औं श्रृङ्खलामा अस्तामको नौमती बाजापार्क र धिताल गाउँको प्रवर्द्धन

**पोखरापत्र संवाददाता**
पोखरा, २ भाद्र




हाइकर्स क्लब नेपालको आयोजनामा आयोजित हाईकिङ भाग ६१ को श्रृङ्खलामा कास्की जिल्लाको धिताल गाउँ र अस्तामको नौमती बाजापार्कको प्रवर्द्धन गरिएको छ ।

साउनको अन्तिम शनिबार पोखरा ९ दरबारथोकमा भेला भई हेमजाको सुइखेत सम्म वसमा, त्यसपछि पैदल हेम्जाकोट सामुदायिक होमस्टे हुदै धिताल होमस्टेमा पुग्दा संचालन विशाल पौडेलले पुष्पगुच्छाले स्वागत गरेका थिए ।

हाइकिङ समुह धितालबाट, अस्तामको नौमती बाजापार्क, अस्ताम गाउँ, झिझिर्का हुँदै मिलनचोक सम्म पैदल आई हाइकिङ समापन गरिएको थियो । त्यस पछि माछापुच्छे गाउँपालिका वडा नं. ६ अस्ताममा रहेको नौमती बाजा समुन्द्री सतहबाट १५५० मिटरको उचाईमो पोखरीडाँडामा निर्माण गरिएको नर्सिङ्गा, सनई, सानो तथा ठूलो दमाहा, ट्याम्को, झ्याली, ढोलकजस्ता बाजा प्रदर्शनमा राखिएको छ । हरेक महिनाको अन्तिम शनिबार विगत ६ वर्षदेखि नियमित रुपमा हाईकिङ कार्यक्रम संचालन भइरहेको छ । क्लबको आयोजना भएता पनि उक्त दिनको यातायात र खानाको खर्च सहभागि आफैले व्यहोर्नु पर्ने यस कार्यक्रममा दिनप्रतिदिन सहभागिताको वढ्दो उपस्थितिले क्लबलाई हौसला मिलेको क्लबका अध्यक्ष कृष्ण रानाभाटले वताए ।

पहिलो पटक सहभागि जनसंचार डटकमका प्रकाशक, पत्रकार ओम हमालले हरेक महिना नयाँनयाँ गन्तव्यमा पैदलै हिड्दै, गाउँघर चाहर्दै गाउँको अर्गानिक खानाको स्वाद लिन पाईने भएकोले यसको आकर्षण वढ्ने वताए । उनले यस्ता राम्रा कार्यक्रमहरु गरी ग्रामिण पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने संस्थालाई राज्यले सहयोग गर्नु पर्ने पनि वताए ।

हाइकिङमा सहभागि पवित्र वचत तथा ऋण सहकारीका अध्यक्ष तथा समाजसेवी बुद्धिबहादुर रानाभाटले हाइकिङको सुरुवाती समयमा आफु पनि सहभागी हुने गरेको स्मरण गर्दै हाइकिङले हिड्ने वानीको विकास गर्ने वताए । हाइकिङ कार्यक्रममा पोखरा ११ फुलवारीकी कक्षा ५ की विद्यार्थी १० वर्षीय सगुन वास्तोला, व्यवसायी, राजनीतिक व्यक्तित्व, विभिन्न पेशा व्यवसायमा आवद्ध सहभागी भएका थिए ।

आगामि ६२ औं हाईकिङ श्रृङ्खला भदौको अन्तिम शनिबार २८ गते आयोजना गरिने छ भने कहाँ जाने भन्ने निर्णय तेश्रो शनिबार गरिने क्लबका सदस्य पितम सेन ठकुरीले वताए ।



भद्रकालीका विद्यार्थी च्याउ खेतीमाः पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली माविमा कक्षा ९ मा अध्यनरत विद्यार्थी विज्ञान विषयको च्याउ भन्ने पाठमा प्रयोगात्मक तरिकाले अध्ययन गर्नको लागि पोखरा १३ आर्वाका किसानले उत्पादन गरेका च्याउ खेतीमा अवलोकन गराउँदै विज्ञान विषय शिक्षक जिवन बुढाथोकीले पोखरापत्रलाई वताए । फोटोः पोखरापत्र

# ऐतिहासिक बाटुलेचौर तीज मेलाको तयारी तिव्र

**पोखरापत्र संवाददाता**
पोखरा, २ भाद्र



पोखराको बाटुलेचौरमा हुने ऐतिहासिक तीज मेला २०८२ को तयारी तिब्र पारिएको छ ।

नेपाली नारीको सांस्कृतिक पर्व हरितालिका तीजको अवसरमा यही भदौ ९ र १० गते स्थानीय बाटुलेचौर मैदानमा हुने मेलाको तयारी तिब्र पारिएको र विभिन्न उपसमितिले आ आफ्नो कामलाई निरन्तरता दिएको बताईएको छ । मेलाको तयारीका बारेमा जानकारी दिन आयोजित पत्रकार भेटघाटमा मुल समितिका संयोजक एवं वडा सदस्य राजकुमारी बानियाँले २ दिनसम्म सञ्चालन हुने मेलाको तयारीमा मुल समिति र ८ वटा उपसमिति केन्द्रित भएको बताउनुभयो। वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले बाटुलेचौरको मेला परापूर्वकालदेखि नै संचालन हुदै आएको ऐतिहासिक मेला भएकाले वडा कार्यालय यसको संरक्षक बनेको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो -'वडा कार्यालय मेलाको आयोजक होईन, संरक्षक हो र समन्वय गरिएको मात्र हो ।' वडा भित्र हुने धार्मिक, सांस्कृतिक मेला महोत्सवको प्रर्वद्धनका लागि स्थानीय सरकारको सदैव सहयोगरहनेवडाध्यक्षतिमिल्सिनाले बताउनुभयो ।

विद्यालय स्तरीय तीज नृत्य प्रतियोगिताका संयोजक राम बहादुर बानियाँले आर्थिक असहजताका कारणले मेला छोटो भए पनि यसलाई सफलताका साथ सम्पन्न गर्न सबै पक्षको सहकार्य आवश्यक रहेको बताउनुभयो। अर्थ व्यवस्थापन उपसमितिका संयोजक अनिल बस्नेतले मेला सम्पन्न गर्न करिब १३ लाख रुपैयाँ खर्च लाग्ने बताउँदै, यसका लागि विभिन्न व्यापारिक घराना र सहयोगीसँग अपेक्षा गरिएको जानकारी दिए। प्रचार प्रसार संयोजक मोहन थापाले मेला समग्र पोखरावासी कै भएको भन्दै, यसलाई सफल बनाउने दायित्व पनि पोखरेली कै भएको दावी गर्नुभयो । सहभागी पत्रकार एवं विभिन्न समितिका संयोजकले तीजको परम्परागत हम्काईलो भाकालाई संरक्षण गर्ने र नयाँ पुस्तालाई जानकारी गराउने तर्फ केन्द्रित हुनुपर्नेमा जोड दिए । २ दिनसम्म सञ्चालन हुने मेलामा पहिलो दिन भदौ ९ गते विहान मैदान देखि महेन्द्र गुफासम्म प्रभातफेरी र महिला दौड, दिउँसो अन्तर विद्यालय स्तरीय तीज नृत्य प्रतियोगिता हुने र भदौ १० गते मेलाको उद्घाटन सहित समुहगत तीज गीत प्रस्तुति तथा विविध सांस्कृतिक कार्यक्रम हुने र करिब २० टोली सहभागी हुने सहसंयोजक मन्जु नेपालीले जानकारी दिनुभयो । प्रचार प्रसार संयोजक मोहन थापाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन मुल समितिका सदस्य भीम वहादुर गायकले गर्नुभएको थियो। वि.सं. १५२५ भन्दा अगाडी देखि नै बाटुलेचौरमा सेती गंगा नुहाएर आएका लामाचौर, अर्मला, घार्मी, कुरेचौर, हरिपाउँ, जुम्लेटी, भलाम लगायतका ठाउँका महिलाहरु जम्मा भएर गीत गाउने गरेको जानकारहरु बताउँछन् ।

# मुलुकभर १४ प्रतिशत धान रोपाइँ, उत्पादन घट्ने अनुमान

**रासस**
काठमाडौं, २ भाद्र

मुलुकभर हालसम्म ९४.१५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । गत वर्ष सोही अवधिमा ९८.४४ प्रतिशतभन्दा बढी धान रोपाइँ भएको थियो ।

कृषि विभागका अनुसार सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ९९.७२ रोपाइँ भएको छ । मनसुन ढिला सक्रिय भएकाले मधेस प्रदेशमा सबैभन्दा कम ८६.३५ प्रतिशत रोपाइँ सम्पन्न भएको विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिनुभयो । हालसम्म कर्णाली प्रदेशमा ९९.३४ प्रतिशत, लुम्बिनी प्रदेशमा ९८.०७ प्रतिशत रोपाइँ भएको छ भने बागमती प्रदेशमा ९७.२७ प्रतिशत, गण्डकी प्रदेशमा ९४.८३ प्रतिशत र कोशी प्रदेशमा ९४.४२ प्रतिशत रोपाइँ भएको छ ।

देशभर करिब १३ लाख हेक्टर क्षेत्रफल जमिनमा रोपाइँ सम्पन्न भएको छ । मुलुकभरि करिब १४ लाख हेक्टर जमिन खेतीयोग्य रहेको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ । भदौ दोस्रो सातासम्म केही प्रतिशत रोपाइँ वृद्धि हुने अनुमान गरिएको छ । धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ । तराईमा कूल उत्पादनको ७० प्रतिशत र पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको जनाइएको छ । आर्थिक वर्ष २०८०/८१ मा ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिकटन धान उत्पादन भएको थियो । यस वर्ष स्वदेशमा उत्पादन हुने अनुमान गरिएको ६० लाख मेट्रिकटन धानबाट करिब ३५ लाख मेट्रिकटन खानयोग्य चामल उत्पादन हुने जनाइएको छ ।

# सामुहिकरुपमा तिज मनाउँदा आत्मियता बढ्छ-नेता अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २ भाद्र




निवर्तमान मुख्यमन्त्री एवम् नेकपा एमाले स्थायी कमिटी सदस्य खगराज अधिकारीले नेपाली नारीहरुको पर्व हरितालिका तिज सामुहिक रुपमा मनाउने संस्कार बढेको बताउनु भएको छ ।

माझठाना पोखरा सम्पर्क समाजद्धारा आज पोखरामा आयोजित तिज विशेष एवम् विद्यार्थी सम्मान कार्यक्रमको उद्घाटन गर्दै उहाँले संस्थागतरुपमा तिज मनाउनदा मनाउँदा एक आपसमा आत्मियता अभिवृद्धि हुने बताउनुभयो ।

संस्कृति र संस्कारको माध्येमवाट धार्मिक एवम् पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नेमा जोड दिंदै उहाँले समाज बढ्दै गएको विकृति र विसंगतिका विरुद्धमा एकतावद्ध भएर लाग्नु पर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा समाजमा आवद्ध सदस्यका छोराछोरी मध्येवाट एसइई २०८१ मा सर्वोत्कृष्ट अंक ल्याएर उत्तर्तिर्ण हुनु हुने पाँच जनालाई नगद सहित सम्मानपत्रद्धारा सम्मान गरिएको थियो । समाजका अध्यक्ष सारदा लामिछानेको अध्यक्षमा भएको कार्यक्रममा पोखरा २८ का वडाअध्यक्ष श्रीकृष्ण लामिछाने,समाजका निवर्तमान अध्यक्ष भोलानाथ ओझा,सल्लाहकारव्दय डा निर्मल लामिछाने र डा. मानवहादुर केसी,सुर्यज्योती लाइफल इन्स्वरेन्स प्रालि गण्डकी प्रदेश अध्यक्ष रामजी प्रसाद वराल,कार्यक्रम संयोजक सूर्यराज चपाई, विष्णुहरि तिवारी लगायतले समाजले खेल्दै आएको भूमिका माथि प्रकाश पार्नुभएको थियो ।

# प्रशासनिक ....

पक्षसँग कुराकानी भएको जानकारी दिनुभयो । उहाँले पोखरादेखि चीनका विभिन्न सहरमा नियमित उडानका लागि पहल गरिएको बताउनुभयो ।

# पहिरोमा ...

निर्माणाधीन आयोजनाको अडिट माथिबाट खसेको पहिरोमा दुई मजदुर पुरिएका हुन् । उक्त घटनामा घाइते भएका पाँच जनालाई उपचारका लागि अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाले जानकारी दिनुभयो । "घटनास्थलमा प्रहरीको टोली पुग्दैछ, त्यहाँ काम गर्ने नेपाली कामदारले एक नेपाली, एक विदेशी नागरिकको शव भेटिएको जानकारी दिएका छन," उहाँले भन्नुभयो, "मृतक र घाइतेको पहिचान खुलिसकेको छन ।"

# नेपाल हेभी ईक्विपमेन्ट व्यवसायी महासंघ गण्डकीमा अमृत

**पोखरापत्र संवाददाता**
पोखरा, २ भाद्र




नेपाल हेभी ईक्विपमेन्ट व्यवसायी महासंघ, गण्डकी प्रदेश समितिको अध्यक्षमा पुनः अमृत घिमिरे निर्वाचित भएका छन् । पोखरामा शोमवार सम्पन्न दोस्रो साधारण सभा एवं प्रथम अधिवेशनबाट घिमिरेको नेतृवमा नयाँ नेतृत्व सर्वसम्वत चयन भएको हो ।

समितिको उपाध्यक्षमा बालकृष्ण कोइराला, महासचिवमा भिमसेन क्षेत्री (भीम केसी) र कोषाध्यक्षमा लिला मोहन कुइकले चयन भएका छन् । यस्तै सदस्यहरुमा मंगल कुमाल, उमानाथ आचार्य र प्रेमबहादुर घिमिरे चयन भए ।

निर्वाचन पहिलो भएको दोस्रो साधारण सभा एवं प्रथम अधिवेशनको उद्याटन शत्रमा नेपाल हेभी ईक्विपमेन्ट व्यवसायी महासंघका अध्यक्ष उमाकान्त शर्माको प्रमुख आतिथ्यता रहेको थियो । शर्माले हेभी ईक्विपमेन्ट चालकको लाइसेन्स खुल्न नसक्दा व्यवसायी समस्यामा परेको बताए । सातै प्रदेशमा यातायात कार्यालय भए पनि लाइसेन्सको परिक्षाका लागि काठमाडौँ धाउनुपरेको उनले गुनासो गरे । सवारीको नामसारी र करका समस्यामा व्यवसायी परेको शर्माको भनाई थियो ।

अध्यक्ष शर्माले व्यवसायलाई माथी उठाउन देशभरका व्यवसायीलाई एकिकृत गरेर सहकार्य गरिने बताए । त्यसका लागि महासंघले आधिकारीक वेभसाइट निर्माण गरिरहेको उनले जानकारी दिए । नेपालमा हेभी ईक्विपमेन्टको डिपो संचालन गरिरहेको पोखराको व्यवसायीक घराना अटो वेज प्रालिका संचालक नारायण पैडेलले बजारको माग अनुसारका नयाँ नयाँ इक्विपमेन्टहरु उपलब्ध गराईरहेको बताए । गण्डकी प्रदेशमा ६० प्रतिशत मार्केट अटो वेजले लिएको उनले जानकारी दिए । कार्यक्रममा नेपाल हेभी ईक्विपमेन्ट व्यवसायी महासंघका संस्थापक अध्यक्ष डा. ताराबहादुर कुँवर, निवर्तमान अध्यक्ष प्रेमलाल श्रेष्ठ, नेपाल उद्योग व्यापार महासंघ गण्डकीका अध्यक्ष जनक पराजुली, अटो वेज प्रालिका कार्यकारी अधिकृत सन्ध्या पौडेलले भनाई राखेका थिए । नेपाल हेभी ईक्विपमेन्ट व्यवसायी महासंघ, गण्डकी प्रदेश अध्यक्षमा अमृत घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल हेभी ईक्विपमेन्ट व्यवसायी महासंघ कास्कीका अध्यक्ष बालकृष्ण कोइरालाले स्वागत मन्तब्य राखेका थिए भने कास्कीका सचिव भीमसेन केसी (भिम)ले कार्यक्रम संचालन गरेका थिए ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फ्रेड डे

## सम्पादकीय

# १९ वर्षपछि ब्युँतियो रौतहट काण्ड

सर्वोच्च अदालतले रौतहट सदरमुका गौरको राइसमिल मैदानमा १९ वर्षअघि २८ जना माओवादी कार्यकर्ताको हत्या भएको घटनालाई ब्युँत्याइदिएको छ। 'गौर हत्या काण्ड' भएको १९ वर्षपछि सर्वोच्चले मुद्दा चलाउन आदेश दिएसँगै जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवलाई अर्को संकट आइलागेको छ । सर्वोच्चका न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको इजलासले यादवसहि जोडिएको उक्त हत्याकाण्डको मुद्दामा निवेदकको माग बमोजिम हुने परमादेश सोमबार जारी गरेको छ।

त्रिभुवन साहसमेतले जिल्ला प्रहरी कार्यालय रौतहट र जिल्ला सरकारी वकिल कार्यालय रौतहटसमेतलाई प्रतिवादी बनाएर रिट दायर गरेका थिए । उक्त रिटमा सुनुवाइ गर्दै सर्वोच्चले प्रतिवादीविरुद्ध मुद्दा चलाउन परमादेश दिएको छासर्वोच्चको परमादेशलाई तत्कालीन माओवादी नेता एवम् हाल आमजनता पार्टीका अध्यक्ष प्रभु साहले पीडितले न्याय पाउने प्रतिक्रिया दिएका छन। सर्वोच्चको यो परमादेशसँगै जसपा नेपालका अध्यक्ष यादव पनि यो मुद्दामा तानिने भएका छन्। २०६३ चैत ७ गते रौतहट सदरमुकाम गौरको राइसमिल मैदानमा तत्कालीन मधेसी जनाधिकार फोरमका कार्यकर्ताको आक्रमणमा २८ जना माओवादी कार्यकर्ताले ज्यान गुमाएका थिए।

राइस मिलमा कार्यक्रमका लागि जम्मा भएका माओवादी कार्यकर्ताहरूको लखेटी लखेटी निर्मम हत्या गरिएको थियो । उक्त घटनाका बेला भएको आन्दोलनको नेतृत्व नै उपेन्द्रले गरेका थिए। २०६३ को अन्तरिम संविधान जलाएर मधेस आन्दोलनको नेतृत्व गरिरहेका तत्कालीन मधेसी जनाधिकार फोरमका अध्यक्ष यादवलाई सर्वोच्चको यो आदेशले संकटमा पारेको छ । त्यसबेला यादवकै प्रत्यक्ष निर्देशनमा रौतहटमा जनाधिकार फोरमका कार्यकर्ताहरूले २८ जना माओवादी कार्यकर्तालाई भाला, छुरा, लाठी र गोली हानेर ज्यान लिएको दाबी माओवादीले गरिरहेको छ। विभिन्न मानवअधिकारवादी संगठनले पनि यस हत्याकाण्डमा यादवसहित तत्कालीन नेतृत्व दोषी रहेको बताउँदै आएका छन्।

उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले परमादेश फिर्ता लिन माग गरेको छाजसपा नेपालविरुद्धको षड्यन्त्रको रुपमा लिएको छामानवअधिकार आयोगको प्रतिवेदन एक पक्षीय भएको मधेस केन्द्रीत दलहरूको छ। मधेसमा कमजोर बन्दै गएको जसपा नेपाललाई जनतामा जाने निहुँ बनेको छ। कुन बेला कुन मुद्दा जाग्ने हो भन्ने अनुमान गर्न नसकिने भएको छ । राजनीतिक नेतृत्व र पार्टी रक्षात्मक बनाउने खेल सबै ठाउँबाट हुन्छ भन्ने ख्याल गर्नुपर्ने भएको छ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# राप्रपा कास्कीको अध्यक्ष नारायणलाई मातृशोक

**पोखरापत्र संवाददाता**
पोखरा, २ भाद्र

राष्ट्रिय प्रजातन्त्र पार्टी कास्कीका अध्यक्ष नारायण गुरुङलाई मातृशोक परेको छ।

उनकी ममतामयी माता बालकुमारी गुरुङको ८९ वर्षको उमेरमा सोमबार आफ्नै निवास पोखरा विपी मार्गमा स्वर्गारोहण भएको हो।

बालकुमारीका २ भाइ छोराहरुमा नारायण जेठा हुन्।



स्व. बालकुमारीको मंगलबार बिहान ११ बजे पोखराको रामघाटमा अन्त्येष्टि हुने परिवाजनले जनाएको छ। पार्थीव शरीर श्रद्धाञ्जलीका आफ्नै निवास विपीमार्गमा राखिएको छ। इष्टमित्र, आफन्त, शुभेच्छुक, विभिन्न राजनीतिक दलका नेता, कार्यकर्तालगायत अन्तिम श्रद्धाञ्जली दिन निवास पुगेका छन्।

# भारतद्वारा नेपाली सेनालाई सहयोग

**रासस**
काठमाडौं, २ भाद्र

भारतीय सरकारले नेपाली सेनालाई केही थान सवारीसाधन, घोडा र विपद्पछिको घटनाको अनुसन्धानमा प्रयोग हुने कुकुर सहयोग स्वरुप उपलब्ध गराएको छ।

नेपालको दुईदिने भ्रमणमा रहनुभएका भारतीय विदेश सचिव विक्रम मिस्रीले सैनिक मुख्यालय जङ्गी अड्डामा आज आयोजित कार्यक्रममा ती सहयोग हस्तान्तरण गर्नुभएको हो । भारतबाट छ थान सवारीसाधन, पाँच वटा घोडा र विस्फोटन तथा विपद्का घटनापछि खोजी र अनुसन्धानमाप्रयोग हुने दुई वटा कुकर प्राप्त भएको छ।

यसअघि प्रधानसेनापति अशोकराज सिग्देल र विदेशसचिव मिस्रीबीच शिष्टाचार भेटवार्ता भएको थियो । भेटका अवसरमा दुई देशबीचको सहयोग, सम्बन्ध र आपसीहितका विषयमा विचार विमर्श भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । नेपाल र भारतबीच राजनीतिक तहमा मात्र नभइ सैनिक र जनस्तरमा समेत ज्यादै न्यानो र प्रगाढ सम्बन्ध रही आएको छ । नेपाल र भारतबीच एकअर्का देशका सेना प्रमुखलाई मानार्थ सेना प्रमुखको सम्मान प्रदान गर्ने अनुपम परम्परा छ । नेपाल र भारतबीच लामो समयदेखि वार्षिकरूपमा ठूलो सङ्ख्यामा एकअर्का देशमा सैनिक तालिम र प्रशिक्षणका कार्यक्रम सञ्चालन हुँदै आएको छ । एकै खालको भाषा, धर्म र संस्कृतिका तथा पुरानो मित्रवत र खुला सीमाका कारण भारत-नेपालबीच एकअर्का देशमा सहज आवतजावतले मिततालाई जनस्तरमा घनिष्ट तुल्याएको छ। हस्तान्तरण समारोहमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव र नेपाली सेनाका उच्च अधिकृत सहभागी हुनुहुन्थ्यो।

# तरुण दलको पाँचौँ महाधिवेशन मंसिरमा हुने

**रासस**
काठमाडौं, २ भाद्र

नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल तरूण दलको पाँचौँ महाधिवेशन आगामी मङ्सिरमा हुने भएको छ।

तरुण दलका अध्यक्ष विद्वान गुरुङले एक विज्ञप्ति जारी गरी मङ्सिर २६ देखि २८ गतेसम्म पाँचौँ राष्ट्रिय महाधिवेशन गर्न लागेको जानकारी दिनुभयो। लामो समयदेखि तरूण दलको महाधिवेशन हुन नसकेकाले कांग्रेसले निर्देशन समिति बनाएको थियो । तरुण दलले आगामी भदौ गतेभित्र दलको पूर्ण सदस्यता वितरण गरी वडा र पालिकाको अधिवेशन सम्पन्न गर्ने, भदौ मसान्तभित्र दलको केन्द्रीय कार्यालयबाट पूर्ण सदस्यता स्वीकृत गर्ने र क्षेत्रीय एवं जिल्ला अधिवेशन प्रतिनिधि अनुमोदन गर्नेछ। यस्तै, कात्तिक २० गतेभित्र प्रदेशसभा निर्वाचन क्षेत्र र सङ्घीय निर्वाचन क्षेत्रको अधिवेशन सम्पन्न गर्ने, कात्तिक मसान्तभित्र जिल्ला अधिवेशन सम्पन्न गर्ने कार्यसूची रहेको छ।

यसैगरी, मङ्सिर १० गतेभित्र सातै प्रदेशको अधिवेशन सम्पन्न गर्ने र मङ्सिर २६, २७ र २८ गते राष्ट्रिय महाधिवेशन सम्पन्न गरिने अध्यक्ष गुरुङले बताउनुभयो।

# मेलबर्नसँग नेपाल पराजित

**रासस**
काठमाडौं, २ भाद्र

अष्ट्रेलियाको नर्दन टेरिटोरीमा जारी टप एण्ड टी-२० सिरिजअर्न्गत आफ्नो तेस्रो खेलमा नेपाल पराजित भएको छ।

डार्बिनस्थित टिआइओ रङ्गशालामा सोमबार भएको खेलमा मेलबर्न स्टार्स एकेडेमीसँग नेपाल ३१ रनले पराजित भएको हो । यससँगै तीन खेल खेलेको नेपाल तीनै खेलमा पराजित भएको छ। नेपाल पहिलो खेलमा एनटी स्ट्राइक र दोस्रो खेलमा बङ्गलादेश 'ए' टोलीसँग पराजित भएको थियो।

सोमबार मेलबर्न स्टार्स एकेडेमीले दिएको १७६ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १४४ रनमा समेटियो । नेपालका लागि ओपनर आसिफ शेखले अर्धशतक बनाए । उनको त्यो अर्धसतक नेपालको जितको लागि प्रयाप्त भएन । उनले ४९ बल खेल्दै तीन चौका र एक छक्का प्रहार गर्दै सर्वाधिक ५३ रन जोडेका हुन्। त्यसैगरी कप्तान रोहित पौडेलले ३३, कुशल भुर्तेलले २५ तथा कुशल मल्लले ११ रन बनाए। त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्। मेलबर्न स्टार्स एकेडेमीका लागि अस्टिन अन्लेजार्क र डग वारेनले समान दुई/दुई विकेट लिए। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मेलबर्नले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १७५ रन बनाएको थियो। मेलबर्नका लागि ब्लेक म्याकडोनाल्डले सर्वाधिक ७४ रन बनाए। त्यसैगरी थोमस रोजर्सले ६५ रन बनाए । नेपालका लागि सन्दीप लामिछानेले तीन विकेट लिए भने सोमपाल कामी र शाहब आलमले समान एक/एक विकेट लिए।

# पाँच जलविद्युत् आयोजनाको संयुक्त सहयोगमा रघुगङ्गाका सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ भाद्र

म्याग्दीको रघुगङ्गा गाउँपालिकामा जलविद्युत् आयोजनाको सहयोगमा सडक स्तरोन्नति थालिएको छ। रघुगङ्गामा निर्माणाधीन र निर्माणको अन्तिम चरणमा रहेका पाँच जलविद्युत् आयोजनाको लगानीमा सडक स्तरोन्नति थालिएको हो।

गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले पालिकाको केन्द्र मौवाफाँट जोड्ने सडक कालोपत्र र मौवाफाँटदेखि झिँ, पाखापानी, दग्नाम, चिमखोला र कुइनेमङ्गले जोड्ने सडकको अप्ठ्यारो ठाउँमा ढलान गर्न थालिएको जानकारी दिनुभयो।

गाउँपालिकाको संयोजनमा गत फागुन र चैत महिनामा भएको राजनीतिक दल, सरोकारवाला र जनप्रतिनिधि समेतको छलफलमा जलविद्युत् आयोजनाले जनाएको पहुँच मार्गको रुपमा प्रयोग गरेको सडक स्तरोन्नति गर्ने प्रतिबद्धता कार्यान्वयन गर्न थालेका उहाँले बताउनुभयो । आयोजनाहरुले प्रयोग गरेको सडक स्तरोन्नतिमा बेवास्ता, सामाजिक उत्तरदायित्वको रकम र खर्चको विवरण सार्वजनिक नगरेपछि जनप्रतिनिधि र स्थानीयवासीले आन्दोलन गरेका थिए । रघुगङ्गामा ३५ दशमलव पाँच मेगावाट क्षमताको चिमखोला- राहुघाट-मङ्गले र २१ दशमलव तीन मेगावाट क्षमताको ठूलो खोला जलविद्युत् आयोजना निर्माण सकिएको छ । ४० मेगावाट क्षमताको राहुघाट, २२ दशमलव पाँच मेगावाटको ठूलोखोला 'ए' र ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर राहुघाट जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छन् । अध्यक्ष भण्डारीका अनुसार अपर राहुघाट र चिमखोला-मङ्गले-राहुघाटको प्रवर्द्धक तुँदी पावरले मौवाफाँट-दग्नाम खण्डमा रु एक करोड ५० लाख खर्चेर विभिन्न ठाउँमा ढलान गरेको छ। "तुदी पावरले थप रु २५/२५ लाखमा मौवाफाँट हुँदै झिँ र पाखापानी जोड्ने सडक स्तरोन्नतिको तयारी गरेको छ," गाउँपालिकाका अध्यक्ष भण्डारीले भन्नुभयो "तुदी पवार, ठूलोखोला र माथिल्लो ठूलोखोला (ए)को रु ६७ लाख सहयोगमा दवाङ र अजिङ्गर भिरको साँघुरो सडक फराकिलो पारेर ढलान हुदैछ।" चिमखोला-मङ्गले- राहुघाट, ठूलोखोला र माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनीले रु ८० लाख खर्चेर रघुगङ्गा गाउँपालिका-७ चिमखोला गाउँको फेदी भएर बग्ने बगरखोलाको कटान र बाढी नियन्त्रणका लागि करिब एक सय ५० मिटर दुरीमा तटबन्ध गरेका छन्। बगरखोलामा आउने बाढीले कटान गरेर करिब दुई सय घरपरिवारको बसोबास रहेको चिमखोला गाउँ, रघुगङ्गा गाउँपालिका-७ र ८ नम्बर वडा जोड्ने सडक जोखिममा परेको थियो। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरले रु दश करोड खर्चेर बेनी-जोमसोम सडकको घुमाउने तालदेखि पिप्ले-मौवाफाँट-बुक्ल-बाँधस्थल खण्डको सडक स्तरोन्नति थालेको अध्यक्ष भण्डारीले बताउनुभयो।

सिभिल ठेकेदार जयप्रकाश एसोसियट्सले रघुगङ्गा हाइड्रोपावरसँग गरेको सम्झौता अनुसार ११ किलोमिटर पहुँचमार्ग सहायक ठेकेदार परिचालन गरेर ग्राभेल गर्न पूर्वाधार निर्माण थालेको हो । यस अन्तर्गत पिप्लेको हमालचोकदेखि रघुगङ्गा मावि मुनिसम्मको सडक पनि स्तरोन्नति हुने अध्यक्ष भण्डारीले बताउनुभयो । ग्राभेल गरेपछि घुमाउने तालदेखि मौवाफाँटसम्म रघुगङ्गा हाइड्रोपावरको ८० र अन्य चार वटा जलविद्युत् आयोजनाको २० प्रतिशत लगानीमा कालोपत्र गर्ने सहमति भएको गाउँपालिकाले जनाएको छ।

# स्थानीय शासन कार्यसम्पादनमा बागलुङ नगरपालिका अब्बल

**पोखरापत्र संवाददाता**
बागलुङ, २ भाद्र

बागलुङ नगरपालिका स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा अब्बल बनेको छ।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका कार्यसम्पादन महाशाखा प्रमुख रेमलाल कँडेलले बागलुङ उत्कृष्ट बनेको जानकारी दिनुभयो। उहाँका अनुसार आर्थिक वर्ष २०८०/८१ को मूल्याङ्कनमा नगरपालिका उत्कृष्ठ बनेको हो । यसअघि स्थानीय तहको समग्र पक्षको मूल्याङ्कन प्रणाली (लिजा), स्थानीय तहको वित्तीय सुशासन संरचना गर्ने प्रणाली (एफआरए) र स्थानीय आर्थिक विकासको प्रवर्द्धनमा सहयोग गर्ने प्रणाली (एलइडी) को मूल्याङ्कनमा नगरपालिका अब्बल बनेको हो। "औपचारिक घोषणा भने यही भदौ ६ गते हुनेछ, तर नगरपालिका प्रदेशस्तरमै पुरस्कृत बन्ने भएको छ" महाशाखा कँडेलले भन्नुभयो, "सूचक अनुसारको काम, गरेका कामको समयमा अपलोड गर्ने र आर्थिक विकास तथा वित्तीय विकासलाई चुस्त बनाउन सकेको छ।" तीनवटा प्रणालीलाई मन्त्रालयले चालु वर्षदेखि भने स्थानीय शासन कार्यान्वयन मूल्याङ्कन प्रणाली (एलजी-पास) नामाकरण गरेको छ। उक्त प्रणालीले तीनवटै क्षेत्रलाई एकरुपतामा हेर्ने गर्छ। जस अनुसार ५ शीर्षकमा दुई दर्जनबढी उपशीर्षकमा अध्ययन गरेर कार्यसम्पादन मूल्याङ्कन गर्न थालेको हो।

सुशासन तथा संस्थागत विकास, सामाजिक विकास, आर्थिक विकास, पूर्वाधार विकास र वन वातावरण तथा विपत व्यवस्थापनको क्षेत्रमा पालिकाले काम गर्ने भएकोले ती विषयगत क्षेत्रका उपशीर्षकमा मूल्याङ्कन गर्न सुरु भएको उहाँले बताउनुभयो। तोकेको समयमा तोकेका काम पूरा गरेर प्रविष्टी नगरेसम्म पालिकाले नम्बर पाउँदैनन् । त्यसका लागि सबै शाखा जिम्मेवार बन्ने, आइटी शाखाले तोकेको दिनमा तोकेका सामग्री अपलोड गर्नुपर्ने काम गर्नुपर्ने पनि कँडेलले जानकारी दिनुभयो । मन्त्रालयले यो वर्षको 'स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीसम्बन्धी अ भि म ु ख ी क र ण ा' अभियानसमेत बागलुङ नगरपालिकाबाट थालेको छ । देशभरमै पहिलो पटक बागलुङबाट थालिएको उहाँले बताउनुभयो। उक्त अवसरमा नगरप्रमुख वसन्तकुमार श्रेष्ठले देखिने गरी पूर्वाधार विकास गर्ने, नागरिकले अनुभव गर्ने गरी सुशासन दिने र सरसफाइमा पनि अब्बल बनाउने लक्ष्य राखेको बताउनुभयो । त्यसका लागि कर्मचारी र कार्यालय 'स्मार्ट 'बनाउनेसमेत उहाँले बताउनुभयो।

उपप्रमुख राजु खड्काले न्याय सम्पादन, पर्यटन प्रवर्द्धन लगायतको क्षेत्रलाई पनि चुस्त र नागरिकमैत्री बनाउने काम भइरहेको जानकारी दिनुभयो । सकेसम्म सामाजिक विकासको क्षेत्रमा सक्दो काम गरेर नागरिकले महसुस गर्नेगरी योजना तर्जुमासमेत भएको उहाँले बताउनुभयो।

# पर्यटक आगमन लयमा फर्कन सकेन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ भाद्र

कोरोना महामारीका समयमा थलिएको म्याग्दीको पर्यटन क्षेत्र अझै लयमा फर्कन सकेको छैन।

कोरोना महामारी सुरु हुनुअघि २०७५ सालसम्म वार्षिक ७५ हजारभन्दा बढी विदेशी पर्यटक घुम्न आउने म्याग्दीमा हाल वार्षिक ३० हजारको हाराहारीमा मात्र पर्यटक आउने गरेको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ। घोडेपानी र दरवाङमा रहेको इलाका प्रहरी कार्यालयले जिल्ला भित्रिने र बाहिरिने पर्यटकको विस्तृत विवरणसहितको तथ्याङ्क राख्ने गर्छन् । कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक सागर पौडेलका अनुसार आव २०८१/८२ मा ३० हजार आठ सय ६५ जना पर्यटकले म्याग्दीका पर्यटकीयस्थलको अवलोकन गरेका छन्। आर्थिक वर्ष २०८०/८१ मा ३१ हजार तीन सय ३४ र आव २०७९/८० मा २९ हजार तीन सय २८ तथा आव २०७८/७९ मा सात हजार नौ सय २६ विदेशी पर्यटकले जिल्लाको भ्रमण गरेका थिए। छिमेकी जिल्ला मुस्ताङमा म्याग्दीको सडक भएर जाने पर्यटकको अभिलेख भने राख्ने गरिएको छैन । धवलागिरि र अन्नपूर्ण हिमाल आरोहण, प्राकृतिक तातोपानी कुण्ड, खोपारा, अन्नपूर्ण धवलागिरि, धवलागिरि सेञ्चुरी, धवलागिरि चक्रीय, धवलागिरि आइसफल, टोड्के, रुप्से झरना, अन्धगल्छी, गलेश्वर,बेनीबजारलगायतधार्मिक, प्राकृतिक र ऐतिहासिकस्थलको भ्रमणका लागि म्याग्दीमा पर्यटक आउने गर्छन् । म्याग्दीमा आउने पर्यटकमध्ये ९० प्रतिशतभन्दा बढी पर्यटकको रोजाइमा अन्नपूर्ण गाउँपालिका-६ मा रहेको घोडेपानी र पुनहिल क्षेत्र पर्ने गरेको छ। घोडेपानीको होटल व्यवस्थापन उपसमितिका अध्यक्ष मीना पुनले पर्यटक आगमन अपेक्षाकृत नभएको बताउनुभयो। नयाँ पर्यटकीय गन्तव्य पहिचान र प्रवर्‌द्धनको कमी, सडकका कारण पदमार्ग छोटिनु तथा भएका पर्यटकीयस्थलमा पूर्वाधारको विकास हुन नसक्दा देश र प्रदेशको अनुपातमा म्याग्दीमा पर्यटक आगमन वृद्धि हुन नसकेको उहाँको भनाइ छ।आव २०७६/७७ मा ५० हजार, आव २०७५/७६ मा ७५ हजार एक सय ९१, आव २०७४/७५ मा ७४ हजार सात सय ३३, आव २०७३/७४ मा ६९ हजार आग सय ३७ तथा आव २०७२/७३ मा ४३ हजार छ सय ३२ विदेशी पर्यटकले म्याग्दीको भ्रमण गरेका थिए।

# सङ्कटग्रस्त अवस्थामा एक कुसुन्डा परिवार

**प्रतीक्षा आले**
गोरखा, २ भाद्र/रासस

ढिलो गरी वर्षा भएका कारण साउन महिना सकिन लाग्दा पनि गाउँले किसानहरूलाई माना रोपेर मुरी उब्जाउने चटारो छ।

कोही धानको रोपाइँमा, कोही कोदो रोपाइँमा त कोही मकै भित्र्याउनमा। गोरखानगरपालिका-११ तेह्रकिलो बजारभन्दा दुई कान्ला तल सानो टहरोमा बस्ने ५५ वर्षका चेतबहादुर कुसुन्डालाई भने न रोपाइँको ध्याउन्न, न त बारीमा मकै सुक्ला भन्ने पीर। आफूजस्तै दिनरात श्रम गरेर खाने दौँतरीहरूसँग उहाँको समय बित्छ। लोपोन्मुख भनेर चिनिने कुसुन्डा जातिको गोरखामा एक घर मात्र छ। चेतबहादुर छिमेकीले दिएको तीन आना जग्गामा एकपाखे घर बनाएर आफ्ना दुई छोरा, बुहारी र नातिनातिनीसँग बस्दै आउनुभएको छ।



घरले चर्चेको बाहेक कति पनि जग्गा नभएका उहाँलाई असार, साउन आए पो के, कात्तिक, मङ्सिर आए पो के। "थुक्ने जग्गा पनि आफ्नो छैन", उहाँ भन्नुहुन्छ, "सम्पत्ति भने पनि जे भने पनि यही अरूले दिएको जग्गामा सरकारले बनाइदिएको सानो घर र दुई/चारवटा कुखुरा छन्। त्यत्ति हो। कुखुरा पनि थुनेर पाल्छौँ। नत्र अरूको जग्गामा गइहाल्छ।"

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कुसुन्डा समुदायको जनसङ्ख्या २५६ रहेको छ। तीमध्ये गोरखाका चेतबहादुरको आठ सदस्य पनि विगत ४५ वर्षदेखि यही बसोबास गर्दै आएको छ। उहाँ २०३८ सालमा आफ्नी आमा सुमित्रा वनकीरानी कुसुन्डासँग तेह्रकिलो आउनुभएको थियो। आफू ११ वर्षको हुँदा पालुङटारको खोप्लाङबाट झिटीझाम्टो बोकेर तेह्रकिलो आएको चेतबहादुर बताउनुहुन्छ। "१० वर्षको हुँदा बा बित्नुभयो, भोकले लखतरान हुँदै जुठो बारेको याद छ। बा'को काजकिरिया सकेपछि आमाले खोप्लाङमा भएको झिटी आठ हजारमा बेचेर यहाँ आएका हौँ", उहाँले भन्नुभयो, "यहाँ पनि बिरालोले बच्चा सारेजस्तो, कहिले यता, कहिले उता।

सायद यो तेह्रकिलो बजारमा हामी नबसेको घरै छैन्। अब अरूको घरमा भाडा गरेर बसेपछि 'छोड्दे, अन्तै जा' भनेपछि जानै पर्‍यो।"

उहाँका दिदीबहिनी दुवैले तेह्रकिलो बजारमा बिहे गरेकाले आफूहरू पनि दिदीबहिनी नजिकै बस्न आएको उहाँले बताउनुभयो। "दुवैजनाले क्षेत्रीसँग बिहे गरेछन्। दिदीको बुढा गाडी चालक थिए, हामी पनि दिदीकै रेखदेखमा यहीँ बस्न आयौँ। यहाँ आएको केही समय म पनि भेनाकै पछि लागेर सवारी सहयोगीको काम गरेँ", उहाँले भन्नुभयो। खोप्लाङ छोडेर तेह्रकिलो झरेको केही समयपछि आफूहरू नवलपरासी पनि पुगेको उहाँ बताउनुहुन्छ। उहाँ भन्नहुन्छ, "यहाँ बस्न आएको केही समयपछि आमाले कताबाट त्यहाँ सरकारी जग्गा मिल्छ भन्ने सुनेपछि हामी आमा छोरा नवलपरासी पनि झर्‍यौँ। जग्गा त केको मिल्थ्यो बरु उल्टै दुःख मिल्यो। आमाले अरूको घरमा काम गर्नुहुन्थ्यो। सानो झुप्रो हालेर बसेका थियौँ। मलाई भने त्यहाँ खासै बस्न मन लागेन, अनि एक वर्षपछि तेह्रकिलोमै फर्कियौँ। म यहाँ आको केही वर्षपछि आमा पनि फर्किनुभयो।" चेतबहादुरले २०-२२ वर्षको उमेरमा नजिकैको पन्ध्रकिलो बस्ने कमला घर्तीसँग बिहे गर्नुभयो। बिहेपछि पैसा कमाउने लालसाले दुईपटक कतार र एकपटक साउदी पनि पुग्नुभयो। चेतबहादुर र कमलाको दुई छोरा र एक छोरी छन्। उहाँहरूको जेठो छोरो अनिल अर्काको गाडी चलाउँछन्। छोरी अनिता तेह्रकिलोकै मगर परिवारमा बिहे गरेर गएकी छिन् भने कान्छो छोरो अशोक हाल वैदेशिक रोजगारीमा छन्।

हाल उहाँको परिवारमा दुई छोरा, बुहारीहरू, तीनजना नाति र एक नातिनी छन्। हाल बस्दै आएको एकपाखे घर पनि जनता आवास कार्यक्रमअन्तर्गत निर्माण भएको उहाँले बताउनुभयो। उहाँलाई न कुसुन्डाको भाषा थाहा छ, न रीतिरिवाज, न त वेशभूषा नै। न उहाँले अन्यत्रका कुसुन्डा समुदायसँग चिनजान, आउजाउ गरेका छन्। गोरखा दरबार सङ्ग्रहालयमा आफ्नो जातिको डमी राखेको देखेर भने उहाँ खुसी हुनुहुन्छ। "अन्ततिरको कुसुन्डाहरूले त आफ्नै भाषा बोल्छन् रे भन्ने सुनेको छु। अब हामीलाई त केही थाहा छैन। बाउबाजेसँग सङ्गत भएको भए पो आफ्नो जात, धर्म, संस्कृतिको बारेमा केही थाहा हुन्थ्यो होला", उहाँले भन्नुभयो। आफूहरूले अरू हिन्दूहरूसरह नै सबै चाडपर्व मनाउँदै आएको चेतबहादुरले बताउनुभयो। उहाँ भन्नुहुन्छ, "दसैँ, तिहार सबै मनाउँछौँ। अरूहरूले सरह नै हरेक वर्ष वायु पूजा, कुलायन पूजा पनि गर्छौँ। हाम्रो कुलायन पूजामा चाहिँ भाले चढाउनु पर्छ।"

# कालोपत्र नहुँदा बिहुँ-घोडाबाधे सडकखण्डमा वर्षौंदेखि सास्ती

**पोखरापत्र संवाददाता**
बागलुङ, २ भाद्र

नौ वर्षदेखि कालोपत्र नहुँदा मध्यपहाडी लोकमार्गको बागलुङ खण्डमा सवारी साधनले सास्ती व्यहोर्दै आउनु परेको छ।

बिहुँ-घोडाबाधे खण्डको १३ किलोमिटरमध्ये ६ किलोमिटर सडकको दुराअवस्थाका कारण सवारी फसेर यात्रुहरुले सास्ती खेप्ने गरेका छन्। हिउँदमा धुलाम्मे र वर्खा लागेपछि हिलाम्मे सडकमा सवारीसाधन वारपार गर्नै समस्या हुने गरेको छ। बागलङ बजारदेखि घोडाबाधेसम्मको २५ किलोमिटर सडक कालोपत्रका लागि दुई खण्डमा विभाजन गरेर नौ वर्षअघि ठेक्का लगाइएको थियो। जसमध्ये बिहुँ घोडाबाँधेको १३ किमिमध्ये ६ किलोमिटर सडक अझै कालोपत्र भएको छैन। आठ वर्षमा कालोपत्र नभएपछि ठेक्का तोडिएको थियो। ठेक्का तोडेर पुनः ठेक्का लगाएको काम एक वर्षमा जम्मा १० प्रतिशत मात्रै प्रगति भएको छ।

चितवनबाट सामग्री ढुवानीका लागि गलकोटतर्फ आएको मिनि ट्रक बिहुँमा फसेर समस्या भएको चालक रमण शर्माले दुःखेसो गर्नुभयो। ट्रक मात्रै हैन दर्जनौँ कार तथा जिप सडकमा फस्ने गरेका छन्। लोकमार्गको १४० किमिमध्ये अन्यत्र कालोपत्र भइसकेको छ। बिहुँ खण्डको समस्या समाधान नहुँदा पनि सरोकारवाला निकाय मौन रहेको गुनासो स्थानीयवासीको छ।

नयाँ ठेक्का लागेपछि सडक चौडा पारेकाले यसपटक सडक बढी हिलाम्मे भएको मध्यपहाडी पुष्पलाल लोकमार्ग आयोजना कार्यालय पर्वतका इञ्जिनियर कल्पना मिश्रले बताउनुभयो। "पुन ठेक्का लगाएको एक वर्ष भयो, रु २१ करोडको ठेक्कामा जम्मा १० प्रतिशत काम सम्पन्न भएको छ, अहिले पूर्वाधारको काम गरिरहेको र वर्खा लागेकाले सडक हिलाम्मे छ", मिश्रले भन्नुभयो, "निर्माण व्यवसायीलाई वर्खामा सवार ।साधन फस्न सक्ने पहिरो पन्छाउन पर्ने भएकाले डोजरसहित तयारी अवस्थामा राखिएको छ।"

बिहुँ-घोडाबाधे खण्डको अघिल्लो ठेक्का तोडेर २०८१ सालको असार २१ गते दुई वर्षमा बाँकी पूर्वाधार र कालोपत्र सम्पन्न गर्ने गरी तामाङ/रिजाल भगवती जेभीसँग रु २१ करोड ४९ लाखमा पुन ठेक्का सम्झौता गरिएको थियो।

# पुम्दी-भुम्दी दोस्रो पर्वतीय दौड प्रतियोगिताको तयारी तिव्र

**पोखरापत्र संवाददाता**
बागलुङ, २ भाद्र

पर्यटनको राजधानी पोखराको आर्थिक समृद्धिका लागि खेल पर्यटन प्रवर्द्धनमा पुम्दी-भुम्दी पर्वतीय दौड नारालाई आत्मसात गर्दै विश्व पर्यटन दिवसको सन्दर्भमा आउँदो असोज ४ गते शनिवार आयोजना हुने दोस्रो संस्करणको खुला पर्वतीय दौड प्रतियोगिताको तयारी तिव्र पारिएको छ।

पोखरा क्लिक प्रा.लि.को आयोजनामा हुने उक्त प्रतियोगिताको तयारी तिव्र पारिएको सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो। विश्वशान्ति स्तुपबाट सुरु भई पुम्दीकोट विशाल महादेवको मूर्ति परिक्रमा गरी पोखरा-२२ वडा कार्यालय हुँदै निगालेडाँडामा अवस्थित कालाबाङ घरेडी बुद्ध पार्कमा समापन हुने आठ कि.मी. पर्वतीय दौडमा खुला, वडास्तरीय, महिला, यू-१६ र पर्यटन तथा ४० बर्ष माथिका भेट्रान तर्फको प्रोत्साहन गरी ६ वटा इभेन्ट समावेश गरिएको प्रतियोगिताका संयोजक दीननाथ बरालले बताउनु भयो। अघिल्लो संस्करणका तुलनामा पुरस्कार राशि दोब्बर गरिएको छ भने दुई इभेण्टमा थप गर्दै प्रोत्साहन पुरस्कार व्यबस्था गरिएको उहाँले जनाउनु भयो। प्रतियोगितामा खुलातर्फ प्रथम हुने धावकले ५० हजार नगद प्राप्त गर्ने छन्। दोस्रो, तेस्रो, चौथो र पाँचौँलाई क्रमशः ३० हजार, १५ हजार, सातहजार, तीनहजार र छैटौँदेखि १० औं स्थानसम्म दुरी पूरा गर्ने धावकलाई जनही एकहजार नगद मेडल र प्रमाणपत्र सहित पुरस्कृत गरिने भएको छ।

गत वर्ष खुलातर्फको इभेन्टमा प्रथम, द्वितीय र तृतीयलाई नगद पुरस्कार क्रमशः २५ हजार, १५ हजार र सातहजार रुपैयाँ रहेको थियो। यसैगरी, वडास्तरीय, खुल्ला महिला र यू-१६ तर्फका विजेता जनही १५ हजार र उपविजेता जनही सातहजार रुपैयाँसहित मेडल र प्रमाणपत्रद्वारा पुरस्कृत गरिने छ। प्रतियोगितामा यस वर्ष ४० वर्ष माथिका भेट्रान र विदेशी धावकलाई प्रोत्साहन पुरस्कारकोसमेत व्यवस्था गरिएको छ। भेट्रान र विदेशी इभेन्टका विजेतालाई जनही १५ हजार रुपैयाँका दरले प्रोत्साहन पुरस्कार प्रदान गरिने छ। प्रतियोगितामा सहभागि हुने खेलाडीहरुले अनलाइन फराम भर्नु पर्ने छ, अनलाइन फारम आज (सोमबार) देखि खुल्ला गरिएको प्रतियोगितका निर्देशक ओम लामाले बताउनु भयो। यही भदौं २५ गतेसम्म मात्र धावकहरुले अनलाइन फारम मार्फत आफ्नो नाम दर्ता गराउन सक्नेछन्। पोखरा क्लिक डटकममा अनलाइन फारम भर्न सकिन्छ। पहिलो संस्करणमा बेलायत र ब्राजिलसहित ७१ पुरुष र ३३ महिला धावकले अनलाइन फाराम भरेकामा प्रतिकुल मौसमका कारण ७९ जना सहभागी भएकामा खुलातर्फको उपाधि शसस्त्र प्रहरी बल एपीएफ क्लवका निरोज भट्ट क्षत्रीले जित्नु भएको थियो। हरेक व्यक्ति जननी र जन्मभूमिप्रति ऋणी हुन्छन्, त्यो ऋण चुक्ता गरेर नसकिए तापनि जन्मभूमिलाई विश्वमा परिचित गराउने इरादाका साथ पोखरा क्लिकले आफ्नै क्षेत्रलाई सञ्चार र खेल पर्यटनसँग जोडेर प्रवर्द्धन गराउने उद्देश्यले संस्थाको वार्षिक कार्ययोजनानुसार पर्यटकीय राजधानी पोखरामा उक्त प्रतियोगितालाई यस बर्ष पनि भव्य गर्ने तयारी गरिएको पोखराक्लिक डटकमका बरिष्ठ संवाददाता असफल गौतमले बताउनु भयो।

प्रतियोगितालाई सफल पार्न विश्व शान्ति स्तुपः समिति, पुम्दीकोट कोट विकास समिति, कालाबाङ घरेडी बुद्ध पार्क समिति, गण्डकी प्रदेश सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, पोखरा लेकसाइडको मजेष्टिक लेक फ्रण्ट होटल एण्ड सुइट्स,, हिमश्री फुड्स प्रा.लि./केसी ग्रुप, पोखरा पर्यटन परिषद्, होटल मुस्ताङ लेते एण्ड थकाली किचन, टान गण्डकी, सहास स्पोर्ट्स नेपाल, अटोवेज प्रा.लि., पोखरा महानगरपालिका २२ को वडा युवा परिषद्, पोखरा भ्रमण बर्ष २०२५, परिचय एड्भर्टाइजिङ, पुइमे फाष्ट फुड एण्ड बार लगायतको सहयोग रहेको छ।

प्रतियोगितालाई नेपाल पर्यटन बोर्ड र पोखरा महानगरपालिकाले प्रवर्द्धन गरेका छन। प्रदेश खेलकुद परिषद् गण्डकीको समन्वय र पोखरा महानगरपालिका २२ को सहकार्य रहेको प्रतियोगिताको मेडिकल पार्टनरमा नेलम्बो नेपाल, अफिसियल टेलिभिजनमा सिटीवान टेलिभिजन जोडिएको छ। आधिकारिक ड्रिङ्किङ वाटरकारूपमा ग्लेज नेचुरल स्प्रिङ वाटरले साथ दिएको छ। उक्त प्रतियोगिता सभ्य एवम् भव्य रूपमा सम्पन्न गर्न करिब १६ लाख ९१ हजार रुपैयाँ खर्च हुने भएको प्रा.लि.का व्यबस्थापक सागर सुनारले बताउनु भयो। प्रतियोगिताको प्रथम पुरस्कार अन्तर्राष्ट्रिय ख्यातिप्राप्त खेलाडी ल्याफ्टेनेन्ट कुसाङ गुरुङले प्रायोजन गर्नुभएको छ। उहाँ अन्तर्राष्ट्रिय म्याराथन धावक तथा सहारा यूकेका पूर्व अध्यक्ष अवकार प्राप्त ल्याफ्टेनेन्ट कुसाङ गुरुङ मलेसियाको माउन्ट किनाबालु अन्तर्राष्ट्रिय क्लाइमाथन तीन पटक लगातार जित्ने कीर्तिमानधारी धावक हुनुका साथै एभरेष्ट म्याराथनलगायत थुप्रै प्रतिष्ठित दौडमा नेपालको नाम उजागर गर्न सफल प्रतिभा हुनुहुन्छ। यस्तैगरी नेलम्बो नेपालले तेस्रो पुरस्कार समेत प्रायोजन गरेको छ। पत्रकार सम्मेलनमा वोल्दै पोखरा २२ का वडा अध्यक्ष हिमलाल बरालले उक्त इभेण्टलाई वडाले आफ्नो चार्डको रुपमा लिएको बताउदै यसको स्तरोन्नती गर्न विस्तारै हाफ्म्याराथनसम्म लैजाने योजना रहेको जनाउनु भयो। पुम्दी भुम्दीमा सडक निर्माणसंगै पदमार्गहरु समेत निर्माण भएको तथा ताल पारीको क्षेत्रमा इको टुरिजमको सम्भावनालाई उजागर गर्न राउण्ड फेवा भ्यू फेवा जस्ता परियोजना सुरु भएको उहाँले जनाउनु भयो।

पोखरा पर्यटन परिषदका पूर्व अध्यक्ष एवं अग्रज पर्यटन व्यवसायी गणेश बहादुर भट्टराईले उक्त दौडलाई ८ किलोमिटरबाट बढाउदै हाफ म्याराथन हुदै लेकसाइड देखि पन्चासेसम्मको म्याराथन दौड गर्न सुझाव दिनुभयो। तालपारि इको टुरिजमको सम्भावना भएकोले गगन चुम्वी भवनहरु नबनाउन उहाँले आग्रह गर्नुभयो। पोखरा पर्यटन परिषदका प्रथम उपाध्यक्ष हरि बहादुर भुजेलले विश्व पर्यटन दिवसको अवसरमा हुने उक्त प्रतियोगितामा विदेशी धावहरु बढी भन्दा सहभागि गराउन गराउन पहल गर्ने वचन दिनुभयो। नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष माधव रेग्मीले पोखरा र पुम्दी भुम्दीलाई विश्व सामु परिचित गराउन उक्त इभेण्टले थप मद्धत पुग्ने बताउनु भयो।

विश्व शान्ति स्तुप समितिका अध्यक्ष असोक गुरुङले दौडको सुरुवात शान्ति स्तुपबाट हुने भएकोले आवश्यक व्यबस्थापनमा सहयोग गर्ने बताउनु भयो। प्रतियोगिताका प्राविधिक ओम गुरुङले यसपाली हावा, हुरी र पानी आए पनि प्रतियोगिता निर्धारित समयमै हुने गरी तयारी हुने बताउनु भयो। पोखरा २२ को वडा युवा परिषदका अध्यक्ष दिनेश बरालले प्रतियोगिता गाउँकै नयाँ ब्राण्ड भएकोले सफल पार्न आफुहरु कटिबद्ध रहेको जनाउनु भयो।

# पुलहाश्रममा धार्मिक पर्यटन पूर्वाधार थपिँदै : रावण पार्क निर्माण अन्तिम चरणमा

**कमल खत्री**
म्याग्दी, २ भाद्र/रासस

ऋषिहरूले तपस्या गरेको पवित्र तीर्थस्थलको रूपमा परिचित म्याग्दीको पुलस्त्य पुलहाश्रम क्षेत्रमा धार्मिक पर्यटन पूर्वाधार थपिँदै गएको छ। बेनी नगरपालिका-५ पछैमा अवस्थित पुलहाश्रममा रहेको मन्दिर परिसरमा प्रतिक्षालय, प्रवेशद्वार, पदमार्ग, घेरावार लगायतका पूर्वाधार निर्माण भएका छन्।



पौराणिक ऋषि पुलत्स्य र पुलह ऋषिले तपस्या गरेको पवित्र तपोभूमि भएकाले यस क्षेत्रमा धार्मिक पर्यटन विकासका लागि पर्यटन पूर्वाधार निर्माणलाई जोड दिइएको छ। श्रीमद्भागवत महापुराणको पञ्चमस्कन्ध आठौँ अध्यायमा यस क्षेत्रमा पुलस्त्य र पुलह ऋषिले तपस्या गरेको उल्लेख छ।

पछैमा रहेको हवनकुण्डमा हवन गरेर शेष रहेको चरु अझै पाइने भएकाले पुलस्त्य र पुलह ऋषिले पहिलो पटक होम गरेको ऐतिहासिक तपोभूमिको रूपमा यस क्षेत्रको महत्व रहेको पण्डित भीमनाथ पराजुलीले बताउनुभयो। पुलहाश्रमसँगै यस क्षेत्रमा अन्य ओझेलमा परेका र पत्ता लगाउन नसकिएका थुप्रै तीर्थस्थल रहेकाले यसको अन्वेषण गरी महत्व र महिमालाई बाहिर ल्याउनुपर्ने उहाँको भनाइ रहेको छ। पछैमा रहेको हवन कुण्डमा रहेको चरुलाई हावाले नष्ट नगरोस् भन्ने उद्देश्यले ऋषिहरूले विशाल शिलाले त्यसलाई सुरक्षित गरेको किम्बदन्ती रहेको पुलस्त्य पुलहाश्रम क्षेत्र विकास समितिका उपाध्यक्ष तेजप्रकाश बानियाँले बताउनुभयो। उहाँका अनुसार धार्मिक, ऐतिहासिक महत्व बोकेको र प्राकृतिक रूपमा मनोरम ठाउँ भएकाले यस क्षेत्रमा पूर्वाधार निर्माण र प्रचार प्रसारमार्फत पर्यटन विकासमा जोड दिइएको छ। ऐतिहासिक महत्व बोकेको पुलहाश्रम क्षेत्रको धार्मिक पर्यटन विकासका लागि पूर्वाधार निर्माणले तीव्रता पाएको छ। पछिल्लो पटक पछैमा मन्दिर पुनर्निर्माण पश्चात प्रवेशद्वार, मौलिक पदमार्ग, घेरावार, प्रतिक्षालयलगायत भौतिक संरचना निर्माण गरिएको छ।

समुन्द्री सतहबाट एक हजार सात सय मिटरको उचाइमा अवस्थित यस क्षेत्रलाई नयाँ पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न नेपालमै पहिलो 'रावण पार्क' निर्माण गरिएको छ। पुलहाश्रममा तपस्या गरेका पुलस्त्य ऋषिका नाती रावणको जन्म यसै ठाउँमा भएको किम्बदन्तीको आधारमा बेनी नगरपालिकाले रावणको मूर्ति राखेर पार्क निर्माण गरेको हो। चार रोपनी क्षेत्रफलमा निर्माण भएको पार्क घेराबार, प्रवेशद्वार, पदमार्ग निर्माण र दुवो रोपेर संरचना तयार गरिएको छ भने ढलोट धातुको २१ फिट अग्लो रावणको मूर्तिमा १० वटा टाउको जोड्ने र मूर्तिमा जनै राख्ने लगायतका काम बाँकी रहेको छ। रावणको नाभी गाढेको ढुङ्गा, रावण खेलेको मैदान लगायतका किम्बदन्तीको आधारमा विसं २०७८ असोज १७ गते ठेक्का सम्झौता गरी सुरू भएको रावण पार्क निर्माण योजना ठेकेदारको ढिलासुस्ती र अदालतमा मुद्दा परेर अलपत्र बनेको अवस्थामा नगरपालिकाको पहलमा योजनालाई अघि बढाएर अन्तिम चरणमा पुगेको नगरप्रमुख सुरत केसीले बताउनुभयो।

"अघिल्लो कार्यकालको कार्यपालिकाले अघि बढाएको रावण पार्क बनाउने योजना अलपत्र परेको थियो, हामीले निर्माण कम्पनीलाई ताकेता गरेर योजनालाई अघि बढाएका थियौँ, अहिले पार्कमा रावणको मूर्ति राख्ने र पूर्वाधार बनाउने काम अन्तिम चरणमा पुगेको छ", केसीले भन्नुभयो। प्राकृतिक दृश्यावलोकन स्थलको रूपमा रहेको पुलहाश्रममा निर्माण भएको रावण पार्कले नेपालका साथै दक्षिण भारतीय र श्रीलङ्काका धार्मिक पर्यटकलाई यस क्षेत्रमा भित्र्याउन भूमिका खेल्ने प्रमुख केसीको भनाइ छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ७० प्रतिशत र नगरपालिकाको ३० प्रतिशत लागत साझेदारी रहने गरी रु एक करोड ७६ लाख ७७ हजार पाँच सय ६३ मा ठेक्का सम्झौता भएको रावण पार्क निर्माण योजनामा नगरपालिकाको तर्फबाट हुनुपर्ने भुक्तानी भए पनि मन्त्रालयको तर्फबाट हुनुपर्ने लागत साझेदारीको रकम भुक्तानी हुन नसकेको नगरपालिकाले जनाएको छ। पार्क निर्माणसम्बन्धी अदालतमा परेको मुद्दामा पार्कमा रावणसँगै राम र सीताको मूर्ति राख्न निर्देशनात्मक आदेश भएकाले नगरपालिकाले रावण पार्कको योजना सम्पन्न भएपछि राम र सिताको मुर्तीसमेत पार्कमा राख्ने जनाएको छ। सदरमुकाम बेनीदेखि पुलाचौरसम्मको सडक कालोपत्र भइरहेको र पुलाचौरको चनौटेदेखि पुलहाश्रम सम्मको सडकलाई स्तरोन्नती गरी पर्यटकको आगमनलाई सहज बनाउने पहल थालिएको बेनी-५ का वडाध्यक्ष गोविन्द बानियाँले बताउनुभयो। प्राकृतिक रूपमा मनोरम रहेको, धार्मिक र पौराणिक महत्व बोकेको यस क्षेत्रको महत्व, महिमा र सुन्दरताको प्रचार प्रसार गर्न सकेमा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताउनुभयो।

पुलहाश्रम क्षेत्रबाट धौलागिरी, अन्नपूर्ण, माछापुच्छ्रे, निलगिरीलगायत मनोरम हिमश्रृखलाका साथै चर्चित धार्मिकस्थल पञ्चकोट, ज्यामरुकोट, बेनीबजारसँगै कालीगण्डकी नदी र आसपासका दर्जनौँ गाउँ बस्तीहरूको मनोरम दृष्य अवलोकन गर्न सकिन्छ। सदरमुकाम बेनीदेखि करिब दुई घण्टाको पैदलयात्रा तथा ३० मिनेटको सवारीसाधनको यात्रामा पुहलाश्रम सजिलै पुग्न सकिन्छ।